मिति : २०८०/१०/ २५ गते (बिहिबार) स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : २६ समय : दिनको : २ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| ४५ | **कार्यपालिका सचिवालय** | | | |
| ४६ | | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| ४७ | | सूचना प्रविधि अधिकृत | श्री अशोक ढ्वारे | |

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## २०८०/१०/२५ को २६ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १ :** पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. २५ बाट भएका निर्णयहरु सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २ :** आ.व. २०७०-८० मा महानगरपालिकाबाट सम्पादित कार्यहरुका सम्बन्धमा पेश भएको सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिकरण र छलफल पश्चात स्वीकृत गर्ने निर्णय भयो ।

**निर्णय नं. ३ :** आर्थिक ऐन २०८० लाई संशोधन गर्न पेश भएको संशोधन प्रस्तावका सम्बन्धमा अध्ययन विश्लेषण गरी राय सहितको प्रतिवेदन पेश गर्न नगरसभाको मिति २०८०/०९/२९ गते दिउसो बसेको बैठकबाट ४ नं. वडाका वडाध्यक्ष श्री देवकृष्ण पराजुलीको संयोजकत्वमा गठित समितिबाट मिति २०८०/१०/२५ गते २६औं कार्यपालिका बैठकमा पेश भएको प्रतिवेदन छलफल पश्चात नगरसभामा सिफारिश गरी पठाउने निर्णय भयो ।

**निर्णय नं. ४ :** महानगरबाट सञ्चालनमा ल्याईने आयोजनाहरुलाई वहुवर्षिय आयोजनामा समावेश गरी कार्यान्वयनमा लैजानका लागि आयोजनाको लागत आधार एकिन गर्ने र आवश्यक साधन स्रोतको सुनिश्चिता गरी व्यवस्थित रुपमा सञ्चालन गर्ने लगायतका विषयमा मापदण्ड तयार गरी लागू गर्न वाञ्छनीय भएकोले वहुवर्षिय आयोजना सम्बन्धी मापदण्ड २०८० मा छलफल गरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि अनुसूची १ मा संलग्न छ।

**निर्णय नं. ५ :** मुग्लिङ पोखरा सडक सुधार आयोजनाबाट महानगरपालिकामा नदीजन्य सामग्रीको माग भई आएको सम्बन्धमा महानगरपालिकाबाट पटक पटक आय ठेक्काको लागि वोलपत्र आव्हान गर्दा समेत कुनैपनि वोलपत्रदाताबाट वोलपत्र पेश हुन नआएका घाटहरुमध्येको वडा नं. ३२ स्थित गढीघाटबाट २१४०० घ.मी. नदीजन्य सामग्री महानगरको आर्थिक ऐनले तोकिदिएको दरमा एकमुष्ठ रकम र मू.अ.कर समेत जम्मा गर्न लगाई नदीजन्य सामाग्री आयोजनामा उपयोग गर्नदिने ।

**निर्णय नं. ६ :** स्वास्थ्य महाशाखामा कार्यरत अस्पताल नर्सिङ निरीक्षक सविना श्रेष्ठ (संकेत नं. १९६३८४) ले YONSEI University KOICA Korea मा Global Health Security विषयमा Master's Degree अध्ययन गर्न अध्ययन विदाको लागि सिफारिश माग गरेको र यस सम्बन्धमा निजले अध्ययन गर्न चाहेको विषय स्थानीय तहको लागि आवश्यक देखिएको र निजको सेवा अवधि कम्तिमा ३ वर्ष पुरा भैसकेको हुँदा स्थानीय तह गठन तथा सञ्चालन नियमावली २०८० को नियम १११ बमोजिम ई.सं. २०२४/०९/०२ देखि २०२५/१२/३१ सम्म अध्ययन गर्न अध्ययन पूर्व स्वीकृति सहित मनोनयनका लागि सिफारिस गरी पठाउने ।

**निर्णय नं. ७ :** नगर कार्यपालिकाको मिति २०८०/१०/१९ को २५औं बैठकबाट कर्मचारीहरुलाई काज सरुवा सहमति दिने कार्य अर्को व्यवस्था नभएसम्मका लागि बन्द गर्ने निर्णय भएकोमा लोक सेवा आयोगबाट पदपूर्ति भैनसकेको र महानगरमा स्वामित्वमा रहेको शिशुवा अस्पतालमा विशेषज्ञ डाक्टरको सेवा अति आवश्यक भएको देखिएकोले काज सरुवा भई आउनका लागि सहमति माग गर्नु भएका हाड जोर्नी तथा नशारोग विशेषज्ञ डा. सुमन खनिया (आठौं तह) लाई मात्र महानगरमा काज सरुवा भै आउन सहमति प्रदान गर्ने ।

**निर्णय नं. ८ :** महानगरपालिकाको लागि अति आवश्यक रहेका तर बजेट व्यवस्था हुन नसकेका तपसिल बमोजिम आयोजना/ कार्यक्रमहरुलाई तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न आवश्यक भएकोले आयोजना तथा कार्यक्रमहरुको लागत अनुमान/प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगमा आयोजना/कार्यक्रम माग गरी पठाउने ।

**तपसिल**

| समपुरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको प्राथमिकताक्रम | | |
|---|---|---|
| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
| १ | लामाचौर माछापुच्छ्रे सडक वडा नं.१९ | |
| २ | वडा नं. १७ र २१ जोड्ने दोबिल्ला पुल | |
| ३ | चौरासी नहर सिंचाई तथा बाढी व्यवस्थापन -वडा नं.२५ | |
| ४ | पामे वडहरे कृषि सडक हुँदै २४ नं. वडा कार्यालय -वडा नं.२४ | |
| ५ | खास्टे न्यूरेनी ताल व्यूटिफिकेशन -वडा नं. २६ | |

| विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको प्राथमिकताक्रम | | |
|---|---|---|
| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
| १ | गण्डकी बहुप्राविधिक शिक्षालय | |
| २ | वडा नं. ९ पृथ्वीचोकमा Information center, Art Gallary, E-library सहितको पोखरा भवन | |
| ३ | मालेपाटन ढोडवेशि सिंचाई - ३२ | |
| ४ | वडा नं. १८ मा वस्ति संरक्षण तथा पहिरो नियन्त्रण | |
| ५ | भरतपोखरी निर्मलपोखरी सहलगानी खानेपानी | |

**निर्णय नं. ९ :** महानगरमा कार्यरत कर्मचारी श्री भगवति गायकले वीमा वापतको छुट भएको रकम पाउँ भनी पेश हुन आएको माग निवेदनका सम्बन्धमा निजको वीमा वापत महानगरबाट कट्टा/ जम्मा गरिदिनु पर्ने रकम छुट भए नभएको एकिन गरी छुट भएको पाईएमा वार्षिक रु.७०००/- का दरले मिति २०६८/०३/०६ देखि मिति २०७९ चैत्र सम्म १३ वर्षको जम्मा रु.९१०००/- छुट भएको रकम सम्बन्धित वीमा कम्पनीमा भुक्तानी गर्ने ।

**निर्णय नं. १० :** यस महानगरपालिका अन्तर्गत कार्यरत सब-ईन्जिनियर पाँचौं तहका कर्मचारी प्रतिज्ञा अर्यालले निजि प्रयासमा वैदेशिक अध्ययन गर्न असाधारण बिदा माग गरेको हुंदा गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा संचालन ) नियमावली २०८० को नियम ११२ उपनियम ३ (ख) बमोजिम मिति २०८० फाल्गुन १ गते देखि लागू हुने गरी ३ वर्षका लागि असाधारण विदा स्वीकृत गर्ने ।

अनुसूची-१

# बहुवर्षीय आयोजना व्यवस्थापन सम्बन्धी मापदण्ड
# २०८०

**प्रस्तावना** : पोखरा महानगरपालिकाबाट कार्यान्वयन हुने विभिन्न बहुवर्षीय आयोजनाको पहिचान, छनौट, सञ्चालन तथा व्यवस्थापन गर्न, श्रोतको सुनिश्चतता गरी निर्धारित समयमै आयोजना सम्पन्न गर्ने वस्तुनिष्ठ कानुनी आधार तयार गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिकाका पुर्वाधार विकास व्यवस्थापन ऐनको दफा (३२) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस मापदण्डको नाम पोखरा महानगरपालिका बहुवर्षीय आयोजना व्यवस्थापन सम्बन्धी मापदण्ड २०८० रहेको छ ।

(२) यस मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

## २. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क. “महानगरपालिका” भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्छ ।

ख. “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ

ग. “आयोग” भन्नाले पोखरा महानगरपालिका शहरी योजना आयोगलाई सम्झनु पर्छ ।

घ. “आयोजना” भन्नाले माहनगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजना सम्झनु पर्छ ।

ङ. “बहुवर्षीय आयोजना” भन्नाले यस मापदण्ड बमोजिमका आधार पूरा गरी दफा (४) बमोजिम प्रस्ताव भएका आयोजनाहरू मध्येबाट वहुवर्षीय ठेक्का व्यवस्थापन गर्नु पर्ने भनी दफा (८) बमोजिम स्वीकृत भएका आयोजनालाई सम्झनु पर्छ र महानगर गौरवका आयोजनाको हकमा आयोजनाको अवधिभर र अन्य आयोजनाको हकमा दुई आर्थिक वर्ष भन्दा बढी र पाँच आर्थिक वर्ष सम्म अवधिको आयोजना सम्झनु पर्छ ।

च. “पूर्वसहमति” भन्नाले बहुवर्षीय आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाउन पोखरा महानगरपालिका शहरी योजना आयोगबाट उपलव्ध गराइएको सहमति सम्झनु पर्छ ।

छ. “श्रोत सहमति” भन्नाले वित्त व्यवस्थापन महाशाखाबाट उपलव्ध गराएको सहमतिलाई सम्झनु पर्छ ।

ज. "समिति" भन्नाले अनुसूची (५) बमोजिम गठित मुल्याङ्कन समितिलाइ सम्झनु पर्छ ।

झ. "महानगर गौरबको आयोजना" भन्नाले शहरी योजना आयोगको सिफारिसमा महानगरपालिका नगर कार्यपालिकाले महानगर गौरबको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ ।

ञ. "आयोजना बैंक" भन्नाले महानगरपालिकाले आयोजना व्यवस्थापनका लागि प्रयोगमा ल्याएको स्थनीय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (LPBMIS) सम्झनु पर्छ ।

## ३. बहुवर्षीय आयोजना प्रस्ताव गर्ने विधि

क. आयोजनाहरूको बहुवर्षीय आयोजना व्यवस्थापन गर्नु अघि महानगरपालिकाका सम्बन्धित महाशाखाले निर्धारित ढाँचामा आयोजनाको प्रस्ताव आयोगमा पेश गर्नु पर्नेछ ।वडा कार्यालय तथा मातहतका निकायले बहुवर्षीय आयोजना माग गर्दा सम्वन्धित महाशाखामा पेश गर्नुपर्नेछ ।

ख. बहुवर्षीय आयोजनाको पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पुरा गरेको चेकलिष्ट सहित आयोगमा पेश गर्नुपर्नेछ ।

ग. आयोजना प्रस्ताव पेश गर्दा मध्यमकालिन खर्च संरचना (MTEF)मा उल्लेख भए अनुसार पहिलो तीन आर्थिक वर्षको चालु र पुँजिगत बजेटको श्रोत र विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार प्रमुख क्रियाकलाप सहितको विवरण तयार गर्नु पर्नेछ ।

घ. उपदफा (क) बमोजिम प्रस्ताव प्राप्त भए पछि सात दिन भित्र आयोगले अनुसूची (५) बमोजिमको मुल्याङ्कन समितिद्वारा मुल्याङ्कन गरी उपयुक्त देखिएको प्रस्तावका लागि श्रोत व्यवस्थाका सम्बन्धमा संभावित श्रोत उपलव्धता हेरी वित्त व्यवस्थापन महाशाखाको सहमति लिनु पर्नेछ ।

ङ. उपदफा (घ) बमोजिम सहमतिका लागि वित्त व्यवस्थापन महाशाखामा प्राप्त भएको सात दिन भित्र आयोगलाई सहमति सम्बन्धमा निर्णय उपलव्ध गराउनु पर्नेछ ।वित्त व्यवस्थापन महाशाखाले कुल अनुमानित वार्षिक आन्तरिक आम्दानी र समानिकरण अनुदानको जम्मा रकमको २५ प्रतिशतको सीमा भित्र रहि सहमती दिनु पर्नेछ ।

च. उपदफा (ङ) बमोजिम वित्त व्यवस्थापन महाशाखाबाट सहमति प्राप्त भए पछि आयोगको प्रामर्शमा यस मापदण्ड बमोजिमको शर्तको अधीनमा रही नगर कार्यपालिकाले वहुवर्षीय आयोजनालाई स्वीकृति दिन सक्नेछ ।

छ. नेपाल सरकार, प्रदेश सरकार र महानगरपालिका बीचको सहलगानी वा समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाको हकमा लगानी हुने श्रोतको सहमति सम्बन्धित तहबाट हुनु पर्नेछ ।

ज. बहुवर्षीय आयोजनाको सहमतिको आधारमा निर्माणाधीन आयोजनाको कुनै कारणले निर्माण लागत र अवधि बढ्ने भएमा आयोग र वित्त व्यवस्थापन महाशाखाको सहमति लिनु पर्नेछ ।

**४. आयोजना प्रस्तावको ढाँचा समयसीमा**

(१) दफा (३) बमोजिम आगामी आर्थिक वर्षका लागि बहुवर्षीय आयोजना प्रस्ताव गर्दा आयोजनाको विवरण अनुसूची (१) बमोजिमको ढाँचामा चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधि भित्र प्रस्ताव गर्नु पर्नेछ ।

(२) चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजनालाई यस मापदण्ड बमोजिम बहुवर्षीय आयोजनाको रुपमा ठेक्का गर्नुपर्ने भएमा पहिलो चौमासिक भित्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) दफा (३) बमोजिम प्रस्ताव पेश गर्दा बहुवर्षीय ठेक्का स्वीकृति सम्बन्धमा आवश्यक आधार पुरा गरेको अनुसूची (२) बमोजिमको चेकलिष्ट र महानगरपालिका आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी प्रमाणित भएको प्रस्ताव मात्र पेश गर्नु पर्नेछ ।

**५. बहुवर्षीय आयोजना सम्बन्धी क्षेत्र**

(१) देहायका क्षेत्रमा कार्यान्वयन हुने महानगरपलिका आयोजना बैंकमा समावेश भएका र कूल लागत अनुमान पाँच करोड रूपैंया भन्दा बढी भएका आयोजनालाई बहुवर्षीय आयोजना प्रस्ताव गर्न सकिनेछ ।

क. सडक, रेल, मोनोरेल, पोडवे, सुरूङमार्ग सडक पुल तथा अन्य यातायात पूर्वाधार

ख. सिंचाइ, उर्जा र जलश्रोत,

ग. आवास तथा शहरी विकास,

घ. सूचना प्रविधि तथा सञ्चार

ङ. औद्योगिक क्षेत्र तथा व्यापारजन्य पूर्वाधार

च. खानेपानी तथा सरसफाइ

छ. पर्यटन पूर्वाधार

ज. खेलकुद पूर्वाधार

झ. शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार

ञ. विपद व्यवस्थापन

ट. सांस्कृतिक, धार्मिक र पुरातात्विक पूर्वाधार ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सडकपुल (मोटरेवल ब्रिज) र लागत अनुमानको सीमा दुई करोडभन्दा बढी भएका परामर्श सेवा खरिद, सामाजिक तथा वातावरणीय दृष्टिले महत्वपूर्ण र विशेष प्रकृतिको आयोजनाको हकमा बहुवर्षीय आयोजना स्वीकृत गर्न बाधा पर्नेछैन ।

**६. बहुवर्षीय आयोजना स्वीकृतिका आधार**

(१) कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्ने महाशाखा, वडा कार्यालय वा मातहत निकायले देहायका मापदण्ड तथा आधारहरू पुरा गर्नु पर्नेछ :

क. बहुवर्षीय आयोजनाको लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि तीन वर्षको भएमा लागत अनुमानको कम्तिमा पच्चीस प्रतिशत, चार वर्षको भएमा वीस प्रतिशत र पाँच वर्ष भएमा पन्ध्र प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको,

ख. संभाव्यता अध्ययन, डिपिआर, विस्तृत इञ्जिनियरिङ डिजाइन र लागत अनुमान स्वीकृत भएको,

ग. वातावरणीय अध्ययन सम्पन्न भएको,

घ. आयोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुंगिएको तथा कानून बमोजिम दिनु पर्ने क्षतिपूर्तिको काम सम्पन्न भईसकेको,

ङ. अनुसूची (३) बमोजिम आयोजना मध्यमकालिन खर्च संरचना(MTEF)मा उल्लेख भएको,

च. आयोजनाको खरिद गुरूयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मुल्याङकन योजना तयार भई महानगरपालिकाको बार्षिक खरिद योजनामा समेत समावेश भएको,

छ. संघ, प्रदेश र महानगरपालिकाको लागत साझेदारी वा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभलागत अनुपात सुनिश्चित भएको तथा श्रोत सहमति प्राप्त भएको,

ज. वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा विकास साझेदारसँग सम्झौता भई श्रोत सुनिश्चितता भएको,

झ. महानगरपालिकाको आयोजना प्राथमिकिकरणमा P1 मा परेको र

ञ. आयोजना कार्यान्वयनस्थलको साइट क्लियरेन्स भएको ।

## ७. श्रोत सहमति सम्बन्धी व्यवस्था

(१) दफा (६) बमोजिम आधार पुरा गरेको तथा बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गरिने आयोजना सम्बन्धित महाशाखा वा वडा कार्यालय वा मातहत निकायले श्रोत सहमति सम्बन्धमा वित्त व्यवस्थापन महाशाखामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको श्रोतको सहमतिको लागि प्रस्ताव प्राप्त भएमा वित्त व्यवस्थापन महाशाखाले बजेटको श्रोतको अवस्था हेरी सम्बन्धित महाशाखा वडा कार्यालय वा मातहत निकायलाइ सहमति सम्बन्धमा निर्णय गरी जानकारी दिनु पर्नेछ ।

## ८. आयोजनाको स्वीकृति

(१) दफा (७) बमोजिम वित्त व्यवस्थापन महाशाखाबाट सहमति तथा आयोंगबाट परामर्श प्राप्त भए पछि बहुवर्षीय आयोजना स्वीकृतिका लागि प्रक्रिया अघि बढाउन सकिनेछ ।

(२) बहुवर्षीय आयोजनाका लागि चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधि भित्र नगर कार्यपालिकाबाट स्वीकृति भईसकेको हुनु पर्नेछ ।

(३) बहुवर्षीय आयोजना स्वीकृत भएको नौ महिना सम्म ठेक्का सम्झौता नभएमा त्यस्तो आयोजनाको स्वीकृति स्वत रद्ध हुनेछ ।

## ९. कार्यान्वयन गर्ने जिम्मेवारी

(१) बहुवर्षीय आयोजना स्वीकृत भए पछि कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित महाशाखाको हुनेछ ।

(२) स्वीकृति भएका बहुवर्षीय आयोजनाका लागि बार्षिक बजेट प्रस्ताव गर्दा बजेट सीमाभित्र रही आवश्यक बजेट रकम प्रस्ताव गर्नु पर्नेछ ।

(३) बहुवर्षीय ठेक्का स्वीकृति भएका आयोजनाको विवरण अनुसूची (४) बमोजिमको ढाँचामा तयार गरी आयोग र वित्त व्यवस्थापन महाशाखामा पेश गर्नु पर्नेछ ।

(४) बहुवर्षीय ठेक्का स्वीकृति भएका आयोजनाको विवरण आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PBMIS)मा अध्यावधिक गर्नु पर्नेछ ।

(५) बहुवर्षीय ठेक्का स्वीकृत भएका आयोजनाको अनुगमन तोकिएको अनुगमन समिति वा आयोगबाट हुनेछ ।

ञ. आयोजना कार्यान्वयनस्थलको साइट क्लियरेन्स भएको ।

**७. श्रोत सहमति सम्बन्धी व्यवस्था**

(१) दफा (६) बमोजिम आधार पुरा गरेको तथा बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गरिने आयोजना सम्बन्धित महाशाखा वा वडा कार्यालय वा मातहत निकायले श्रोत सहमति सम्बन्धमा वित्त व्यवस्थापन महाशाखामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको श्रोतको सहमतिको लागि प्रस्ताव प्राप्त भएमा वित्त व्यवस्थापन महाशाखाले बजेटको श्रोतको अवस्था हेरी सम्बन्धित महाशाखा वडा कार्यालय वा मातहत निकायलाइ सहमति सम्बन्धमा निर्णय गरी जानकारी दिनु पर्नेछ ।

**८. आयोजनाको स्वीकृति**

(१) दफा (७) बमोजिम वित्त व्यवस्थापन महाशाखाबाट सहमति तथा आयोंगबाट परामर्श प्राप्त भए पछि बहुवर्षीय आयोजना स्वीकृतिका लागि प्रक्रिया अघि बढाउन सकिनेछ ।

(२) बहुवर्षीय आयोजनाका लागि चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधि भित्र नगर कार्यपालिकाबाट स्वीकृति भईसकेको हुनु पर्नेछ ।

(३) बहुवर्षीय आयोजना स्वीकृत भएको नौ महिना सम्म ठेक्का सम्झौता नभएमा त्यस्तो आयोजनाको स्वीकृति स्वत रद्ध हुनेछ ।

**९. कार्यान्वयन गर्ने जिम्मेवारी**

(१) बहुवर्षीय आयोजना स्वीकृत भए पछि कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित महाशाखाको हुनेछ ।

(२) स्वीकृति भएका बहुवर्षीय आयोजनाका लागि बार्षिक बजेट प्रस्ताव गर्दा बजेट सीमाभित्र रही आवश्यक बजेट रकम प्रस्ताव गर्नु पर्नेछ ।

(३) बहुवर्षीय ठेक्का स्वीकृति भएका आयोजनाको विवरण अनुसूची (४) बमोजिमको ढाँचामा तयार गरी आयोग र वित्त व्यवस्थापन महाशाखामा पेश गर्नु पर्नेछ ।

(४) बहुवर्षीय ठेक्का स्वीकृति भएका आयोजनाको विवरण आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PBMIS)मा अध्यावधिक गर्नु पर्नेछ ।

(५) बहुवर्षीय ठेक्का स्वीकृत भएका आयोजनाको अनुगमन तोकिएको अनुगमन समिति वा आयोगबाट हुनेछ ।

**१०. व्याख्या र संशोधन** : यस मापदण्डमा उल्लेख गरिएको व्यवस्थामा कुनै द्विविधा उत्पन्न

## अनुसूची १

(दफा (४) को उपदफा (१) सँग सम्बन्धित)

बहुवर्षीय ठेक्का बन्दोवस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

पोखरा महानगरपालिका

.........

## आयोजना प्रस्ताव फारम

### खण्ड (क) आयोजनाको आधारभूत विवरण

१. आयोजनाको नाम :

२. आयोजनाको लक्ष्य

३. आयोजनाको उद्देश्य

४. आयोजनाको अपेक्षित प्रतिफल

५. आयोजनाको किसिम

क. सेवा तथा सुशासन प्रवर्द्धनमूलक

ख. अनुसन्धान तथा विकासमूलक

ग. उत्पादन तथा आयआर्जन मूलक

घ. निर्माण मूलक

६. आयोजनाबाट लाभान्वित हुने जनसंख्या

७. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनौट गर्दा लिइएको आधारहरू

क. कार्यान्वयन क्षेत्र : जिल्ला कास्की निर्वाचन क्षेत्र नपा : पोखरा महानगरपालिका

ख. छनौटका आधारहरू

८. आयोजनाको कूल लागत

९. आयोजनाको अवधि (प्रस्तावित जम्मा ....वर्ष)

क. सुरू हुने मिति :

ख. सम्पन्न हुने मिति :

१०. आयोजना कार्यान्वयन गर्ने निकाय

### खण्ड (ख) : आयोजनाको वित्तीय/आर्थिक विवरण

११. आयोजनाको कूल लागत र श्रोतको विवरण

| श्रोतको विवरण | भुक्तानी प्रकार | आन्तरिक श्रोत | | वैदेशिक श्रोत | | |
|---|---|---|---|---|---|---|
| | | महानगरपालिका | प्रदेश सरकार | अनुदान | ऋण | प्राविधिक सहायता |
| नेपाल सरकार | | | | | | |
| विकास साझेदार | | | | | | |
| आन्तरिक/बाह्य | | | | | | |
| प्राविधिक सहायता | | | | | | |
| श्रोतगत जम्मा | | | | | | |
| कूल लागत | | | | | | |

१२. आयोजनाको कूल रकमको अनुमानित बार्षिक बाँडफाट

| आर्थिक वर्ष | बाँडफाट | कार्य परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

१३. परामर्शदाता सम्बन्धी विवरण

क. आयोजनामा रहने कुल परामर्शदाताको संख्या

स्वदेशी :

विदेशी :

ख. आयोजनामा रहने कुल परामर्शदाताको बार्षिक रकम (रू हजारमा)

| आर्थिक वर्ष | अनुमानित खर्च | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| | | |

१४. आयोजनाक्रो ठेक्का संख्या र रकम

| आयोजना अवधिको | |
|---|---|
| संख्या | रकम |

| | |
|---|---|
| | |
| | |

१५. आयोजनाको संभव्यता अध्ययन

क. आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययन भएको छ छैन ? नभएको भए नहुनाको कारण

ख. आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययन भएको वर्ष

ग. आर्थिक तथा प्राविधिक संभाव्यता अध्ययनको निश्कर्ष

.................................................................................

१६. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषण

क. लागत फिर्ता अवधि

ख. लाभ लागत अनुपात

ग. वित्तीय प्रतिफलदर

घ. आर्थिक प्रतिफलदर

ङ. खुद वर्तमान मूल्य

च. लागत प्रभावकारिता अध्ययन

छ. संभाव्यता अध्ययन गर्ने निकाय

१७. वतावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने)

## खण्ड ग प्रशासनिक तथा व्यवस्थापकीय विवरण

१८. आयोजनाको लागि जग्गा प्राप्तीको अवस्था

१९. आयोजनाको अनुगमन तथा मुल्याङकन गर्ने संस्थागत व्यवस्था

२०. मध्यमकालिन खर्च संरचना

२१. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase out Plan) सम्बन्धी व्यवस्था

प्रमाणित गर्ने

दस्तखत

नाम

पद

## अनुसूची २

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

आयोजनाको लागि बहुवर्षीय आयोजना स्वीकृतिको लागि आवश्यक आधार पुरा गरेको चेकलिष्ट

| क्र. सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | कूल लागत अनुमान पाँच करोड भन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा दश करोड रूपैया भन्दा बढी भएको | | | |
| २ | आयोजनाको प्राथमिकिकरणमा P1 मा परेको | | | |
| ३ | आयोजनाको निर्माण सम्पन्न हुने अवधि तीन बर्ष सम्मको लागत अनुमानको २५ प्रतिशत,चार वर्ष सम्मको वीस प्रतिशत र पाँच वर्ष सम्मको बजेट चालु आवमा विनियोजन भएको | | | |
| ४ | आयोजनाको ठेक्काको समय सीमा एक वर्ष भन्दा बढी भएको | | | |
| ५ | संभाव्यता अध्ययन विस्तृत आयोजना प्रतिवेदन इञ्जिनियरिङ डिजाइन रिपोर्ट स्वीकृत भएको | | | |
| ६ | वातावरणीय अध्ययन सम्पन्न भएको | | | |
| ७ | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ती गर्नुपर्ने जग्गा अधिग्रहण वा प्राप्तिको कानूनी प्रक्रिया टुङ्गिएको | | | |
| ८ | मध्यमकालिन खर्च संरचनामा उल्लेख भएको | | | |
| ९ | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा सम्झौता भई श्रोत सुनिश्चितता भएको | | | |
| १० | खरिद गुरूयोजना कार्यान्वयन कार्ययोजना अनुगमन तथा मुल्याङ्कन योजना तयार भएको र बार्षिक खरिद योजनामा समेत समावेश भएको | | | |
| ११ | लागत साझेदारीमा सहलगानीमा सञ्चालन हुने आयोजना भए लाभलागत अनुपात सुनिश्चित भएको तथा श्रोत सहमति प्राप्त भएको | | | |
| १२ | बहुवर्षीय ठेक्का स्वीकृतिका लागि चालु आर्थिक वर्षको प्रथम चौमासिक भित्र पेश गरेको | | | |

## अनुसूची ३

मध्यमकालिन खर्च संरचना सम्बन्धी विवरण

(दफा ६ को उपदफा १ङ सँग सम्बन्धित)

| क्र सं | आयोजनाको नाम | भौतिक प्रगतिको | | स्रोत विनियोजन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | चालु आवसम्मको वास्तविक अवस्था | आगामी आवको प्रक्षेपित अवस्था | आगामी आव | दोश्रो वर्ष | तेश्रो वर्ष | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ४

(दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

बहुवर्षीय ठेक्का लागेका आयोजनाको विवरण

आयोजनाको नाम

| क्र सं | बउशिनं | ठेक्का सुरू मिति | सम्पन्न हुने मिति | बहुवर्षीय ठेक्काको लागि स्वीकृति मिति | श्रोत सुनिश्चितता प्राप्त मिति | आव अनुसार खर्च र सृजित दायित्व (प्रत्येक आवको) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आव | बिनियोजित बजेट | खर्च रकम | बाँकी दायित्व |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची ५

(दफा ३ को उपदफा घ सँग सम्बन्धित)

बहुवर्षीय ठेक्का लगाउन स्वीकृतिको लागि पेश भएका आयोजनाको प्रस्ताव मुल्याङकन गर्न गठित मुल्याङकन समिति

१. संयोजक नगर प्रमुख
२. सदस्य प्रमुख प्रशासकीय अधिकृत
३. सदस्य आयोजना सञ्चालन हुने वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य,
४. सदस्य नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य,
५. सदस्य आयोगको उपाध्यक्ष वा नीजले तोकेको आयोगको सदस्य,
६. सदस्य महाशाखा प्रमुख वित्त व्यवस्थापन महाशाखा,